सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# प्रादेशिक आयुर्वेद चिकित्सालय

धनगढी, कैलाली

## राशन आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

प्रथम पटक प्रकाशित मिति: २०८१/०२/१५

यस चिकित्सालयमा भर्ना भई उपचार गराउन आउने बिरामीहरुको लागि २०८१ पुस मसान्त सम्मका लागि राशन तथा खाद्य पदार्थको आपूर्ति सिलबन्दी दरभाउपत्र आह्वानबाट गर्नु परेकाले ईच्छुक फर्म, कम्पनी, संस्थाले सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८१।०२।२९) भित्र कार्यालयको खरिद शाखाबाट रु १,०००।० (एक हजार, फिर्ता नहुने गरी) तिरी कार्यालय समयमा सिलबन्दी दरभाउपत्र खरिद गरी १६ औ दिनको (२०८१।०२।३०) १२ बजे भित्र दर्ता गर्ने गरी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

१. दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु सोहि दिनको २ बजे दरभाउपत्रदाता स्वयम् वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा कार्यालयमा खोलिने छ। सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन बोलपत्र खोल्ने र दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन अन्तिम दिन मानिने छ ।

२. दरभाउपत्र साथ नेपाली नागरिकताको प्रतिलिपि, फर्म दर्ता प्रमाण पत्र प्रतिलिपि, आ.ब. २०७९/८० को कर चुक्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि दर्ता प्रमाणपत्र, प्रदेश लेखा नियन्त्रक कार्यालय धनगढी कैलालीको धरौटी खाता नं. ४१७०१००२०२०३०००० मा यस चिकित्सालयको कार्यालय कोड ३५००२७७०५७ कायम गरी नगद जम्मा गरेको सक्कल भौचर वा 'क' बर्गको बाणिज्य बैंकबाट यस चिकित्सालयको नाममा जारी भएको दरभाउ खोलेको मितिबाट गणना हुने गरी ७५ दिन (२०८१।०५।१५) म्याद भएको बिडबण्ड पेश गर्नु पर्नेछ ।

३. दरभाउपत्रको प्रत्येक आइटम केरमेट नभएको, कार्यालयवाट उपलब्ध गराइएको डकुमेण्टमा कुनै थपघट नलेखिएको हुन पर्ने छ र दररेट सच्याउनु पर्ने भएमा सच्याइएको ठाउमा दस्तखत र छाप भएको हुनु पर्नेछ । दरभाउपत्रमा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्टरुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४. म्याद नाघि आएको, रित नपुगेको, सशर्त पेश भएको दरभाउपत्र मान्य हुनेछैन । दरभाउपत्र स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा रहनेछ।

५. मिति २०८१ पुस मसान्त सम्मको लागि कुनै प्रकारको मूल्य बृद्धि स्वीकार गरिने छैन।

६. राशन र खद्यान्नको गुणस्तर यस चिकित्सालयबाट पटक पटक अनुगमन र निरीक्षण गरीनेछ ।

७. खरिद कार्यमा भाग लिन अयोग्य नभएको स्वघोषणा लिखित सक्कल पेश गर्नु पर्नेछ ।

८. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन/नियम साथै सार्बजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुने छ ।

| क्र.स. | ठेक्का नं. | कामको बिबरण | धरौटी रकम रु (बैंक जमानत) | कार्यालय कोड |
|---|---|---|---|---|
| १ | **PACSP/G/SQ-03/080-081** | अन्तरङ्ग विभागमा भर्ना भएका बिरामीलाई खाना खुवाउने | १५,०००।- | ३५००२७७०५७ |

मेडिकल सुपेरिटेण्डेन्ट